# लागु औषध नियन्त्रण ब्यूरो

## कोटेश्वर, काठमाण्डौं

## (प्रशासन शाखा)

**आ.व. : २०८२/०८३**
**प्रेस विज्ञप्ति नं. : ४१४**

**मिति: २०८३।०३।०६ गते।**
**ने.सं. ११४६**

## प्रेस विज्ञप्ति

### लागु औषधको क्रोनिक (Chronic) कारोवारी पक्राउ

काठमाडौं उपत्यकामा लागु औषध सप्लाई गर्ने गिरोहहरुको सुक्ष्म निग्रानी गर्ने क्रममा लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले आज मिति २०८३।०३।०६ गते का.जि.का.म.न.पा. वडा नं. ३२ बालकुमारी पुलमुनी भारतको वासमतियाबाट काठमाडौं उपत्यकासम्म लागु औषध खैरो हेरोईन ल्याई बिक्री गर्दै गरेको अवस्थामा कारोवारमा संलग्न व्यक्तिहरुलाई नियन्त्रणमा लिन खोज्दा प्रहरी टोली माथी आक्रमण गरी भाग्ने क्रममा चेतावनी स्वरुप २ राउण्ड हवाई फायर गरी रोकिन अनुरोध गर्दा समेत नरोकी भागी रहेकोले किशोर प्रसाद ओझैयाको दाहिने खुट्टाको घुँडामुनी एक राउण्ड गोली प्रहार गरी निज सहित निम्न उल्लेखित ३ जना व्यक्तिहरुलाई नियन्त्रणमा लिई यस कार्यालयबाट थप अनुसन्धान भईरहेको।

साथै गोली लागी घाइते भएका किशोर प्रसाद ओझैयालाई तत्कालै राष्ट्रिय ट्रमा सेन्टर पुऱ्याई उपचार भईरहेको।

**निम्न:-**

**पक्राउ परेका व्यक्तिहरुको विवरण :-**

१. जिल्ला कैलाली टिकापुर न.पा. वडा नं. ५ ठेगाना भएका बर्ष २५ को अशोक भुल।
२. जिल्ला सप्तरी राजगढ गा.पा. वडा नं. ३ ठेगाना भएका बर्ष २० को निरज कुमार मण्डल।
३. जिल्ला पर्सा पटेर्वा सुगौली गा.पा. वडा नं. ४ ठेगाना भएका बर्ष ३९ को किशोर प्रसाद ओझैया।

**बरामद सामानहरुको विवरण:-**

१. लागु औषध खैरो हेरोईन ३०० ग्राम।
२. मोबाईल थान – ४

**नोट:-** किशोर प्रसाद ओझैया लागु औषध मुद्दामा ३ बर्ष कैद र एक लाख चार हजार रुपैयाँ जरिवाना भुक्तान गरी मिति २०८२।०९।१७ गते नख्खु कारागारबाट छुटेको अभिलेखबाट देखिएको।




**प्रवक्ता/ सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**